annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १९० पृष्ठ १० | काठमाडौं, शुक्रबार ३० कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष चतुर्दशी नेपाल संवत् ११४५ | FRIDAY, NOVEMBER 15, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



सडक विस्तारले अस्तव्यस्त नारायणगढ–बुटवल सडकको पूर्वीखण्ड । ● केशरराज क्षेत्री

कभर स्टोरी

## बुटवल-नारायणगढ सडक
# ४ महिनादेखि काम ठप्प, ठेक्का तोड्ने प्रधानमन्त्रीको चेतावनी


**असारदेखि नारायणगढ-बुटवल सडकको निर्माण कार्य ठप्प छ । तीन वर्षमा सक्नुपर्ने काम ६ वर्षमा पनि पूरा नगरेर ठेकेदार चिनियाँ कम्पनीले काम ठप्प पारेको छ । ठेकेदार चिनियाँ कम्पनीलाई पटक-पटक घच्घच्याउँदा पनि काम अघि बढेन । आजित भएर रुपन्देही, पूर्वी नवलपरासी र पश्चिम नवलपरासीका जनप्रतिनिधिले बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरे ।**

केशरराज क्षेत्री | *बुटवल*
– को रिपोर्ट

| सडकको कुल लम्बाइ | ठेकेदारसँग सम्झौता | पहिलो पटक समयसीमा | ठेकेदार कम्पनी | सम्झौताअनुसार काम नभएपछि | सक्नुपर्ने समयसीमा | ६ वर्षमा सम्पन्न काम | कुल बजेट |
|---|---|---|---|---|---|---|---|
| ११४ किमि | २०७५ चैत ८ | २०७९ साउन २२ | चाइना स्टेट कन्स्ट्रक्सन इञ्जिनियरिङ कर्पोरेसन | तेस्रो म्याद थप | ०८२ साउन ६ | ५३ प्रतिशत | १७ अर्ब |

समाचार पृष्ठ २

## 'पशुपति गौशाला धर्मशालामा मोहियानी हक लाग्दैन'



**काठमाडौं** (अन्नपूर्ण): जिल्ला अदालत काठमाडौंले पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको पशुपति गौशाला धर्मशालामा जग्गा जमिनमा मोहियानी हक नलाग्ने ठहर गरेको छ। मारवाडी सेवा समितिको दाबी नपुग्ने फैसला गरेको छ।

न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले मारवाडी सेवा समितिले धर्मशालामा असीमित समय उपभोगका लागि दाबी गर्न नमिल्ने ठहर गरेको हो।

साविकदेखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको नदेखिएको तथ्यलाई मारवाडी सेवा समितिले पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा स्वीकार गरेको देखिएको फैसलामा उल्लेख छ। फैसलामा भनिएको छ, 'उक्त जग्गामा मारवाडी सेवा समितिलाई मोही हक दाबी गर्ने कुनै आधार देखिएन।'

मारवाडी सेवा समितिले २०६० मा श्रीपशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकास कोष)सँग भएको सम्झौताअनुसार वार्षिक ५१ हजार रुपैयाँ 'सहयोग' बुझाएर होटल, लज, रेस्टुरेन्ट, डायलासिस सेन्टर सञ्चालन गरी र जर्सी गाई पालेर व्यापार गर्दै आएको थियो। फैसलामा सार्वजनिक सम्पत्तिको विषयमा मनोमानी एवं अपारदर्शी ढंगले सम्झौता गरिएका रहेछन् भने त्यसरी गरिएका सम्झौता अपरिवर्तनीय हुन्छन् भन्ने अर्थ गर्न नमिल्ने उल्लेख छ।

मारवाडी सेवा समितिले पशुपति क्षेत्र विकास कोषसहितलाई विपक्षी बनाइ २०८० साउन २४ गते काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो। जिल्ला अदालतको यो व्याख्या सँगै पशुपति क्षेत्र विकास समितिलाई धर्मशाला खाली बनाउने बाटो खुला भएको छ।

# सामूहिक कुटपिटबाट पत्रकारको हत्या

**शिवराज भट्ट** | *धनगढी*

कैलालीको गौरीगंगा-११ का पत्रकार सुरेश भूलको बाख्रा चोरेको आरोपमा कुटपिट गरी हत्या गरिएको छ। सुरेश राष्ट्रिय दलित पत्रकार संघ कैलालीका जिल्ला सचिव हुन् भने उनी सूचनाको हकका लागि राष्ट्रिय महासंघका कैलाली जिल्ला सदस्य पनि हुन्। उनी निगरानी डटकममा रिपोर्टिङ पनि गर्थे।

### यसरी गरियो हत्या

सुरेशको गौरीगंगा नगरपालिका-११को कार्यालयनजिकै कान्तिपुर टोलमा मेडिकल, फोटो स्टुडियो र फोटोकपी पसल छ। कात्तिक २० गते सोही टोलकी विस्ना भूलको बाख्रा हरायो। सुरेश वडा कार्यालयको शौचालयमा पुगे। त्यहाँ उनले बाख्रा बसिरहेको देखे। जाडोले काँपीरहेको बाख्रा समातेर उनले नजिकै रहेको आफ्नो मेडिकलको बाहिर बाँधेको मृतकका आफन्त करन सार्कीले बताए। त्यस दिन बाख्रा खोज्न उनको पसलमा कोही पनि आएनन्।

सुरेशको मेडिकल पसल बाहिर बाख्रा बाँधिएको कुरा विस्नाको घरसम्म पुग्यो। मृतकका आफन्त करनबहादुर सार्की भन्छन्, 'सुरेशकी दिदी र भान्जी पाहुना आएका थिए। त्यसैकारणा, सुरेशले बाख्रा भेटिएको जानकारी फेसबुकमा पनि हाल्न पाएनन्।' हराएको बाख्रा सुरेशले बाँधेको विस्नाले पाइन्। विस्नाका आफन्तहरूले अस्थायी प्रहरी चौकी मसुरियामा सुरेशले बाख्रा चोरेको भन्दै उजुरी दर्ता गरे। प्रहरीमा उजुरी परेपछि सुरेशकी श्रीमती, आफन्त र बाख्रा मालिकका आफन्तहरूबीच बाख्रा बापतको ३० हजार रकम दिने र बाख्रा पनि दिने सहमति भयो।

त्यस दिन कागज बने पनि सुरेशले रकम भने नदिएको आफन्तहरूले बताए। तर, शनिबार बेलुकी ठूलो संख्यामा बाख्राधनी विस्नाका आफन्त र छिमेकी सुरेशको पसल पुगे। रकम नदिएको भन्दै मरणासन्न हुने गरी सुरेशमाथि कुटपिट गरे। '४०/५० जनाको समूह थियो,' सुरेशका भाइका ससुरा करन सार्कीले भने, '३० हजारले मान्दैनौं। एक लाख रकम चाहियो भन्न थाले।

सुरेशले आफूले बाख्रो नचोरेको तर भेटाएको बताउँदै गर्दा एकाएक उनीमाथि आक्रमण भयो। मैले सुरेशलाई बचाउने प्रयास गरेँ। तर, त्यत्रो समूहलाई कसरी छेक्नु? मैले छातीमुनि छोपीराख्दा पनि कसैले तलतिरबाट लात्ताले उनको छातीमा हाने, कसैले गुप्तांगमा हाने।' कुटपिटबाट गम्भीर घाइते भएका सुरेशको अवस्था बिग्रँदै गयो।



आफन्तले आइतबार बिहान धनगढीको निसर्ग अस्पताल पुर्‍याए। तर, उपचारका क्रममा पत्रकार सुरेशको मृत्यु भयो।

### हत्यामा संलग्न भएको आरोपमा ८ पक्राउ

इलाका प्रहरी कार्यालय मालाखेतीले घटनामा संलग्न भएको आरोपमा ८ जनालाई पक्राउ गरेको छ। गौरीगंगा नगरपालिका-११ की ४५ वर्षीया बाख्राधनी विस्ना भूल, ५५ वर्षका जंगबहादुर भूल, २८ वर्षका विशाल विक, ३१ वर्षका दिनेश विक, १९ वर्षका दिनेश भूल, ३८ वर्षकी रमा रावल, ३१ वर्षका धर्म विक र २७ वर्षका रमेश रावललाई पक्राउ गरी अनुसन्धान भइरहेको प्रहरी नायव उपरीक्षक गंगाबहादुर थापाले जानकारी दिए। मृतककी पत्नी कल्पना भूलले ८ जनाविरुद्ध किटानी जाहेरी दिएकी थिइन्। किटानी जाहेरी दिइएका पवन बोगटी फरार छन्। सुरेशको शव पोस्टमार्टम गरी बुधबार बेलुकी दाहसंस्कार गरिएको छ। पोस्टमार्टमको रिपोर्टमा पनि सुरेशको छाती र प्राइभेट पार्टमा गहिरो चोट लागेको रिपोर्टमा देखिएको पत्नी कल्पनाले बताइन्।

### हत्याराहरूलाई कडा कारबाहीको माग

पत्रकार सुरेशको कुटपिट गरी हत्या गरिएको घटनाको विभिन्न पेसागत संघसंगठनले विरोध गरेका छन्। नेपाल पत्रकार महासंघ केन्द्रीय कार्यालयले सचिव हेमकर्ण विकको नेतृत्वमा छानबिन समिति नै गठन गरेको छ। नेपाल पत्रकार महासंघ सुदूरपश्चिम प्रदेश समिति, कैलाली जिल्ला समिति, प्रेस चौतारी नेपाल सुदूरपश्चिम प्रदेश कमिटी, सूचनाको हकका लागि राष्ट्रिय महासंघ कैलाली सहितका संघसंगठनले विज्ञप्ति जारी गरी कुटपिटमा संलग्नलाई कारबाहीको माग गरेका हुन्।

## इजरायलद्वारा दक्षिणी बेरुतमा आक्रमण

**काठमाडौं** (अन्नपूर्ण): इजरायलले लेबनानको राजधानी बेरुतको दक्षिणी उपनगरमा रहेका हिजबुल्लाहको गढका रूपमा मानिएका केही भाग खाली गर्न दिएको निर्देशनपछि बिहीबार उक्त क्षेत्रमा हवाई आक्रमण गरेको छ। एएफपिटीभीले आक्रमणस्थलको तस्बिरसहित इजरायली आक्रमण र ध्वस्त संरचनालाई टेलिभिजनबाट प्रसारण गरेको छ। सेप्टेम्बरमा इजरायलले इरान समर्थित जिहादी समूह हिजबुल्लाहविरुद्ध आफ्नो अभियान तीव्र बनाएसँगै पछिल्लो आक्रमणपछि यस क्षेत्रमा धेरै क्षति पुगेको छ।

आक्रमण हुनुभन्दा केही समय अघि इजरायलले उक्त क्षेत्रका बासिन्दाहरूलाई आफ्नो घर तथा वासस्थान खाली गर्न चेतावनी दिएको थियो। सेनाका प्रवक्ता अविचाय अद्राईले सामाजिक सञ्जाल एक्समार्फत जारी विज्ञप्तिमा भनिएको छ, 'तपाईंहरू हिजबुल्लाहको प्रभाव क्षेत्रनजिकै अवस्थित हुनुहुन्छ भने सावधानी अपनाउनु होला। इजरायली सेनाले निकट भविष्यमा उक्त क्षेत्रमा आक्रमण गर्दै छ।' विज्ञप्तिमा शौइफत अल-ओमरोसिया र घोबीरी क्षेत्रका भवनहरू पहिचान गर्ने नक्सासमेत समावेश गरिएको थियो।

# भारतका स्टार क्रिकेटर धवन कर्णाली याक्समा

**अन्नपूर्ण** | *काठमाडौं*

भारतका चर्चित क्रिकेट खेलाडी शिखर धवनले नेपाल प्रिमियर लिग (एनपीएल) खेल्ने भएका छन्। धवन कर्णाली याक्समा अनुबन्ध भएका छन्। हिमालयन बिल्डर्स एन्ड इन्जियर्सको स्वामित्वमा रहेको कर्णाली याक्सले भारतको राष्ट्रिय टोलीबाट तीनै फर्म्याटको क्रिकेट खेलिसकेका धवनलाई अनुबन्ध गरेको हो।

सोसम्बन्धी सम्झौतामा याक्सका मालिक झनकदत्त खनाल र खेलाडी धवनले हस्ताक्षर गरेका छन्। सम्झौता रकम भने गोप्य राखिएको छ। सम्झौता हस्ताक्षर कार्यक्रममा कर्णाली याक्सका मालिक झनकदत्त खनाल र धवनसँगै भारतका लागि नेपालका कार्यवहाक राजदूत डा. सुरेन्द्र थापा, कर्णाली याक्सका सह-मालिक गृहेन्द्र घिमिरेलगायतको उपस्थिति थियो।

३८ वर्षीय बायाँहाते ओपनर धवनले आईपीएलमा दिल्ली क्यापिटल्स, मुम्बई इन्डियन्स, सनराइजर्स हैदरावाद र पञ्जाव किङ्सबाट खेलिसकेका छन्। उनी विश्व क्रिकेटकै सर्वाधिक सफल खेलाडी मानिन्छन्। उनले सन् २०१६ मा हैदरावादलाई आईपीएल उपाधि दिलाउन महत्वपूर्ण भूमिका खेलेका थिए।



धवनलाई कर्णाली याक्समा अनुबन्ध गरेपछि मालिक खनालले खुसी व्यक्त गरे। उनले यो नेपाली क्रिकेटकै लागि ठूलो उपलब्धि रहेको बताए। 'विश्व क्रिकेटकै चर्चित खेलाडीलाई नेपाली क्रिकेटमा समावेश गर्न पाउँदा सिंगो कर्णाली याक्स खुसी छौं। यो हाम्रो र नेपाली क्रिकेटको लागि ठूलो उपलब्धि हो', खनालले भने, 'धवनको आगमनले कर्णाली याक्सलाई मात्रै नभएर नेपाली क्रिकेट र नेपाली खेलाडीलाई फाइदा पुग्ने विश्वास छ।'

भारतका लागि नेपालका कार्यवहाक राजदूत थापाले शिखर धवनलाई कर्णाली याक्समार्फत नेपालमा भित्र्याउनु पर्यटन प्रबर्द्धनका लागि सुखद सन्देश भएको बताए। 'शिखर धवनलाई भित्र्याउँदै पर्यटन प्रबर्द्धनमा कर्णालीले सुखद् सुरुवात गरेको छ', थापाले भने।

कर्णालीमा अनुबन्ध भएका धवनले भारतका लागि ३२ टेस्टमा २ हजार ३ सय १३ रन बनाएका छन्। १६७ एकदिवसीय खेलमा ६ हजार ७ सय ९३ रन बनाएका उनले ६८ टीटेन्टी अन्तर्राष्ट्रिय खेलमा १ हजार ७ सय ५९ रन बनाएका छन्। धवनले कर्णालीबाट खेल्न आफू उत्साहित भएको बताएका छन्। 'कर्णालीले मलाई लिगका लागि अनुबन्ध गरेको छ। यो लिग खेल्न म निकै उत्साहित छु', धवनले भने।

ज्ञानेन्द्र मल्ल मुख्य प्रशिक्षक रहेको कर्णाली याक्सले चौथो विदेशी खेलाडीका रूपमा धवनलाई भित्र्याएको हो। यसअघि वेस्ट इन्डिजका चादविक एन्टोनिओ किर्कपाट्रिक वाल्टन, पाकिस्तानका अलराउन्डर मोहमद हुसेन तलात र हङकङका बाबर हयातले एनपीएल खेल्ने पक्का भइसकेको छ। कर्णालीको मार्की खेलाडीमा राष्ट्रिय टिमका तीव्र गतिका बलर सोमपाल कामी छन्। यस्तै टोलीमा राष्ट्रिय टोलीबाट खेलिरहेका गुलसन झा, देव खनाल, नन्दन यादव, अर्जुन घर्ती, रीत गौतम, मौसम ढकाल, भुवन कार्की, दीपेन्द्र रावत र युनिशविक्रम सिंह ठकुरी र दीपक डुम्रे छन्।